**आकाशवाणी समाचार- नेपाली**

मितिः २२ अप्रेल

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- पश्चिम बंगालमा विधानसभा चुनावको पहिलो चरणको लागि मतदान शुरू भएको छ अनि तमिलनाडुको सबै 234 विधानसभा सीटहरुको लागि मतदान जारी छ।

- दार्जिलिंग जिल्लाका 5 अनि कालेबुंग जिल्लाको एक विधानसभा सीटमा विहान 7 बजे देखि मतदान सूचारु ढंगमा चालीरहेको छ I सूचारु ढंगमा मतदान सम्पन्न गराउन चुनाव आयोगले कडा व्यवस्था मिलाएकोछ I

- पश्चिम बंगालमा विधानसभा चुनावको तयारिहरु बारे जानकारी लिन एक भारत आइपुगेका विदेशी प्रतिनिधिमंडलका सदस्यहरुले आज सिलीगुड़ी र खरसांगका विभिन्न मतदान केंद्रहरुको भ्रमण गर्नेछन् I

- महिला टी–२०
- जोहानेसबर्गमा भएको तेस्रो महिला टी–२० क्रिकेट खेलमा दक्षिण अफ्रिकाले भारतलाई 9 विकेटले पराजित गरेको छ।

- मौसम विभागले आज गङ्गेय पश्चिम बंगालमा गर्मीको लहरको ओरेन्ज अलर्ट जारी गरेको छ।

**संशो. पश्चिम बंगाल- मतदान**

पश्चिम बंगालमा विधानसभा चुनावको पहिलो चरणको लागि मतदान शुरू भएको छ अनि तमिलनाडुको सबै 234 विधानसभा सीटहरुको लागि मतदान जारी छ। दुवै राज्यमा मतदान बिहान 7 बजे शुरू भयो जो साझ 6 बजे सम्म चल्नेछ।

पश्चिम बंगालमा विधानसभा चुनावको पहिलो चरणको मतदान आज 16 जिल्लाको कुल 152 निर्वाचन क्षेत्रमा भैरहेको छ। यी जिल्लाहरु दार्जिलिंग, कलिम्पोंग, जलपाईगुडी, अलीपुरदुआर, कूचबिहार, उत्तर र दक्षिण दिनाजपुर, मालदा, मुर्शिदाबाद, बीरभूम, पश्चिम बर्धमान, पुरूलिया, बांकुडा, झाडग्राम, पश्चिम मेदिनीपुर र पुर्वी मेदिनीपुर शामिल छन्। कुल एक हजार चार सय 78 उम्मीदवार चुनावी मैदानमा छन्। 152 निर्वाचन क्षेत्रमा 44 हजार भन्दा अधिक मतदान केन्द्र स्थापित गरिएको छ। यी मध्ये सात हजार तीन सय 84 मतदान केन्द्रहरुलाई अत्यधिक संवेदनशील मानिन्दैछ। यस चरणमा तीन करोड़ 60 लाख मतदाताहरुले आ-आफ्नो मताधिकारको प्रयोग गर्नेछन्।
चुनाव आयोगले स्वतंत्र अनि निष्पक्ष मतदान सुनिश्चित गर्न दुइ लाख 40 हजार भन्दा अधिक कर्मियहरु सितै केन्द्रीय सशस्त्र पुलिस बलको दुइ हजार चार सय सात कंपनिया तैनात गरेको छ। मतदान केन्द्रको छेउ छाउमा त्वरित कार्रवाई दल तैनात गरिएको छ।

एक रिपोर्ट - अशोक चौरसिया

तमिलनाडु विधानसभाको लागि पनि मतदान आज हुदैछ। सबै 234 निर्वाचन क्षेत्रमा एकै चरणमा मतदान हुनेछ। 5 करोड 73 लाखभन्दा बढी मतदाताले चार हजार 23 उम्मेदवारको भाग्यको निर्णय गर्नेछन्।
कानून र व्यवस्था कायम राख्न मतदान केन्द्रहरू, स्ट्रोंग रूमहरू र अन्य संवेदनशील स्थानहरूमा लगभग 84 हजार पुलिस कर्मचारीहरू तैनाथ गरेर सुरक्षा व्यवस्था उल्लेखनीय रूपमा बलियो बनाइएको छ। थप रूपमा, मतदान प्रक्रियाको क्रममा शान्ति कायम राख्न र कुनै पनि अप्रिय घटना हुन नदिन संवेदनशील र जोखिममा रहेका क्षेत्रहरूमा CRPF कर्मचारीहरू सहित केन्द्रीय रिजर्भ पुलिस बल (CRPF) का तिन सय कम्पनीहरू तैनाथ गरिएको छ। हवाई टोली, निगरानी टोली र स्थायी निगरानी एकाइहरू सक्रिय रूपमा तैनाथ गरिएका छन् र आचारसंहिताको उल्लङ्घन जाँच गर्न र कुनै पनि शिकायत माथि त्वरित कारबाही गर्न जिल्लाहरूमा निरन्तर काम गरिरहेका छन्।

मतदान केन्द्रहरू भित्र मोबाइल फोनहरू लैजान अनुमति दिइने छैन, र मतदान परिसरमा प्रवेश गर्नु अघि मतदाताहरूले आफ्ना उपकरणहरू सुरक्षित रूपमा जम्मा गर्न मतदान केन्द्रहरूमा विशेष व्यवस्था गरिएको छ।
पश्चिम बंगाल, तमिलनाडु, आसाम, केरला र पुडुचेरीको परिणाम मइ ४ मा हुनेछ।

**दार्जिलिंग मतदान**

दार्जिलिंग जिल्लाका 5 अनि कालेबुंग जिल्लाको एक विधानसभा सीटमा विहान 7 बजे देखि मतदान सूचारु ढंगमा चालीरहेको छ l सूचारु ढंगमा मतदान सम्पन्न गराउन चुनाव आयोगले कडा व्यवस्था मिलाएकोछ l दार्जिलिंग विधान सभामा 2 लाख 38 हजार भन्दा बढ़ी मतदाताहरूले ४ जना उम्मेदवारको भाग्यको फैसला गर्ने छन्। मुख्य मुकाबिला भाजपाका नोमन राई , BGPM का विजय कुमार राई अनि आइ जी जे एफ का अजय एडवार्ड बीच हुने छ l मतदानका लागि 335 बुथहरु बनाइएको छ यसरि नै सिलगडी विधानसभा क्षेत्रमा तिन सय 28 बुथ फाशिदेवामा दुइ सय 61 मतदान केन्द्रहरुमा भोल हाल्न मानिसहरु बादी संख्यामा लाइनमा लागेका छन्। यधपि यी सिटहरुमा मुख्य मुकाबिला BJP र TMC बीच हुने छ l

**प्रधानमंत्री, गृहमंत्री - चुनाव**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमंत्री नरेन्द्र मोदी अनि गृहमंत्री अमित शाहले आज तमिलनाडु विधानसभा चुनाव अनि पश्चिम बंगालमा पहिलो चरणको मतदानमा नागरिकहरुलाई उत्साहपूर्वक भाग लिन आग्रह गर्नु भएको छ। श्री मोदीले सोशल मीडिया पोस्टमा दुवै राज्यका युवा मतदाताहरु अनि महिलाहरुलाई ठुलो संख्यामा मतदान गर्ने अपील गर्नु भयो। उहाँले सबै मतदाताहरु सित लोकतंत्रको यस पवित्र कर्तव्य मा उत्साहपूर्वक भाग लिने आह्वान गर्नु भयो।

श्री अमित शाहले भन्नु भयो पश्चिम बंगाल चुनावको यो चरण केवल वर्तमान मात्र नभई राज्यको भविष्यको लागि पनि महत्वपूर्ण छ।

प्रवर्तन निदेशालय

बालुवा तस्करी सित जोडिएका कथित धन शोधन मामिलामा प्रवर्तन निदेशालयको समनको बावजूद कोलकाता पुलिसका उपायुक्त शांतनु सिन्हा विश्वास हिज जांच एजेंसी समक्ष उपस्थित भएनन्। यद्धपि उनको पक्षमा अधिवक्ता प्रवर्तन निदेशालय कार्यालय पुगी थप समयको मांग गरेका छन्।
सूत्र अनुसार, शांतनु सिन्हा विश्वासलाई हिज सॉल्टलेक स्थित केंद्रीय सरकारी कार्यालय परिसरमा पूछताछको लागि बोलिएको थियो। तर उनि स्वयं उपस्थित भएनन्। अन्य कार्यमा व्यस्तताको कारण उनि हाल उपस्थित हुन नसकेको उनको पक्षमा अधिवक्ताले बताए l प्रवर्तन निदेशालयले बालुवा तस्करी सित जोडिएको एक मामिलामा वित्तीय अनियमितताको आरोपको जांच गरि रहेको छ। यसै मामिलामा अधिकारिहरु द्वारा शांतनु सिन्हा विश्वासलाई पूछताछको लागि बोलिएको थियो।
यस अतिरिक्त, दक्षिण कोलकाताको बालीगंज निवासी विश्वजीत पोद्दार उर्फ सोना पप्पू सित जोडिएको एक अन्य मामिलामा पनि विस्वासको नाम जाचको दायराम रहेको बताइन्दैछ।

**संशो. बद्रीनाथ धाम**

उत्तराखंडको चमोली जिल्लामा स्थित बद्रीनाथ धामको कपाट आज बिहान वैदिक मंत्रोंच्चार अनि पारंपरिक अनुष्ठान बीच श्रद्धालुहरुको लागि खोलिएको छ। यस अवसरमा देशभरिका हजारौ तीर्थयात्री उपस्थित थिए। यसको साथै उत्तराखंडको चार धामका तीर्थस्थलहरु श्रद्धालुहरुको लागि खोलिएको छ।

विदेशी प्रतिनिधिमंडल - पश्चिम बंगाल

पश्चिम बंगालमा विधानसभा चुनावको तयारिहरु बारे जानकारी लिन एक विदेशी प्रतिनिधिमंडल भारत आइपुगेको छ। जॉर्जिया, नामीबिया, स्विट्जरलैंड र नेपालका सदस्यहरु रहेको प्रतिनिधिमंडल हिज सिलीगुड़ी पुग्यो।सिलीगुड़ीमा प्रतिनिधिमंडलका सदस्यहरुले सिलीगुड़ी कॉलेजमा बनेको डीसीआरसी (डिस्ट्रिब्यूशन-कम-रिसेप्शन सेंटर) को निरीक्षण गर्यो। सदस्यहरुले चुनाव सित जोडिएका तयारिहरुको जानकारी लिए अनि उपस्थित मतदानकर्मिहरु तथा अधिकारिहरु सित बातचीत गरे। यस अवधि उनीहरुले सम्पूर्ण चुनाव प्रक्रिया, प्रशासनिक व्यवस्था र मतदानको

संचालनको प्रक्रिया बारेमा जानकारी लिए । यो प्रतिनिधिमंडलका सदस्यहरुले आज सिलीगुड़ी र खरसांगका विभिन्न मतदान केंद्रहरुको भ्रमण गर्नेछन् अनि मतदान प्रक्रियालाई प्रत्यक्ष रूपमा हेर्ने छन् ।

**मौसम**

मौसम विभागले आज गङ्गेय पश्चिम बंगालमा गर्मीको लहरको ओरेन्ज अलर्ट जारी गरेको छ। बिहार, झारखण्ड, मध्य प्रदेश र उत्तर प्रदेशमा दिउँसो तातो हावा चल्ने विभागले जनाएको छ । विभागका अनुसार तटीय आन्द्रा प्रदेश, तटीय कर्नाटक, केरलम, माहे, तमिलनाडु, पुडुचेरी र कराइकलमा तातो र आर्द्र मौसम रहने अनुमान गरिएको छ। विभागले आज कोङ्कण, गोवा, मध्य महाराष्ट्र, मराठवाडा, तटीय आन्ध्र प्रदेश, कर्नाटक, तेलंगाना, उडिसा, उत्तरपूर्व, उप-हिमालयी पश्चिम बंगाल र सिक्किममा मेघगर्जन र चट्याङसहित हावाहुरी चल्ने पूर्वानुमान गरेको छ। मौसम विभागले मध्य महाराष्ट्र र उत्तरी कर्नाटक क्षेत्रमा असिना र चट्याङ पर्ने पूर्वानुमान गरेको छ।

महिला टी–२०

जोहानेसबर्गमा भएको तेस्रो महिला टी–२० क्रिकेट खेलमा दक्षिण अफ्रिकाले भारतलाई 9 विकेटले पराजित गरेको छ । 193 रनको लक्ष्य पछयाएको दक्षिण अफ्रिकाले 16.3 ओभरमा एक विकेट गुमाएर 193 रन बनायो । दक्षिण अफ्रिकाकी महिला कप्तान लौरा वोल्भार्डले भारतीय महिला टिम विरुद्ध टस जितेर बलिङ गर्ने निर्णय गरे । यसअघि टस हारेर पहिले ब्याटिङ गरेको भारतले निर्धारित 20 ओभरमा 4 विकेट गुमाएर 192 रन बनाएको थियो । पाँच खेलको सिरिजमा भारत 3–0 ले पछि छ ।

**पश्चिम बंगाल - चुनाव प्रचार**

पश्चिम बंगाल

**मुख्य निर्वाचन आयुक्त - चुनाव**

मुख्य निर्वाचन आयुक्त

**पश्चिम बंगाल - बल तैनाती**

निर्वाचन आयोगले

**कालेबुङ**

आगामी २३ अप्रिल

**चुनाव प्रचार प्रसार**

दार्जिलिङ पाहाडका

**टर्च लाइट**

भारतीय गोर्खा

**शक्ति प्रदर्शन**

खरसाङ विधानसभा

*********